## ‘मोदीबेनी’बाट कमब्याक गर्दै रेजिना

**काठमाडौं/हिटा ।** नायिका रेजिना उप्रेतीले चलचित्र ‘मोदीबेनी’बाट कमब्याक गर्दै हुनुहुन्छ । रेजिनाले चलचित्र ‘मोदीबेनी’मा काम गर्ने पक्का भएको हो । यो चलचित्रमा अभिनय गर्दा उहाँ करिब नौ वर्षपछि पर्दामा देखिनुहुनेछ । रेजिनाले चलचित्र ‘वरदान’ पछि अभिनय गर्नुभएको थिएन । यही चलचित्रबाट अभिनेताको रूपमा अमर प्रताप श्रेष्ठले डेब्यु गर्दै हुनुहुन्छ । उहाँ थिएटर आर्टिष्ट हुनुहुन्छ । दिलीप केसीको पनि अभिनय रहने यो चलचित्रमा अभिनेता सरोज खनालले पनि प्रमुख भूमिका निभाउनुहुनेछ ।

शंकर कोइरालाले निर्देशन गर्ने चलचित्रको कथा आनन्द विक्रम क्षेत्रीले लेख्नुभएको हो । चलचित्रमा दिलीप केसी निर्माता र हरि श्रेष्ठ सहनिर्माता रहनुभएको छ । चलचित्र यही माघ १६ गतेदेखि छायांकनमा जाने निर्माणपक्षले जनाएको छ ।


Gandaki Province Government

Ministry of Physical Infrastructure Development & Transport Management

Infrastructure Development Directorate

Infrastructure Development Office

Syangja

**Invitation for Bids**

**Date of publication: 2080 -10-12 (26th January, 2024 )**

Infrastructure Development Office, Syangja invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding: Single Stage Double Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Bid Security Amount (NRs) | Bid Validity Date | Bid Security Validity Date | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Jyamire Kolma Kahule Thumkidada Road, Syangja | IDOSYANGJA/NCB/W/R/081/2080-81 | 2,700,000.00 | 120 Days after the deadline of bid Submission date | 150 Days after the deadline of bid Submission date | |

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:-** Nepal Bank Limited.
**Office Code no. :-** 3370143014
**Rajaswa (revenue) Shirshak no. :** 14229
**Office Account no** (In case of Cash Bid Security) :- KA 2.3 – 07202000002003000001
**Name of Office:** - Infrastructure Development Office, Syangja
**Office Account no(Rajaswa).:** - 27302000001001000001
**Cost of Bidding Document :-** NRs.10000.00

**Office Chief**



**Madi Secondary School**

**Madi Municipality-05, Sankhuwasabha**

**Invitation for Bid**

First Date of Publication: 2080/10/12

1. The Madi Secondary School, Madi, Sankhuwasabha invites Tender from eligible Nepalese bidders for the IFB no:- MADI/NCB/W/2080/81-01
2. Eligible Bidders may obtain further information at Madi Secondary School, Madi, Sankhuwasabha during office hours or may visit E-procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp.
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal. Bidder should deposit the cost of bidding document NRs. 3,000.00 (non-refundable) in the Municipality Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
4. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal as specified in the Instruction to Bidders on or before 12:00 hrs of 2080/11/14. Late bid will be rejected. Bids shall be opened at 14:00 hrs on the same day of bid in the presence of the bidders or their representatives who choose to attend.
5. Information to deposit the cost of bidding document in Bank:-
   Name of the Bank:- Himalayan Bank Ltd, Madi Branch
   Name of office:- Shree Madi Secondary School, Madi
   Account no.:- 06007572990012 (for bid document purchase and bid security Amount)
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs 2,75,000 issued by "A" class commercial bank or direct deposit in Madi Secondary School's Account number, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. The Municipality office reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning reason, whatsoever.

Details of Works

| S.N. | IFB No. | Name of Project | Location | Detail of Works | Estimated Cost Including PS Exclusive VAT |
|---|---|---|---|---|---|
| 1 | MADI/NCB/W/2080/81-01 | Construction of Madi Madhyamik Bidhyalaya (Phase II) | Shree Madi Secondary School, Madi Municipality-05, Sankhuwasabha | Construction of RCC school Building | NRs. 96,50,589.89 |

Head Teacher



**Birtamode Municipality**

**Office of Municipal Executive**

**Birtamode, Jhapa**

**Invitation for Online Bid**

**First Notice Publication Date :- 2080/10/12**

1. Birtamode Municipality has allocated funds and invites electronic bids from eligible bidders for the purchase and submit bid under National Competitive Bid (NCB) towards the **Procurement & Supply of Medicine** apply part of the funds to cover eligible payments under the following works. Bidding is open to all eligible bidders as per section V of Bidding Document.
2. Eligible Bidders may obtain further information by visiting PPMO e-GP system **www.bolpatra.gov.np/egp.** Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. Interested bidders should register in e-GP system and deposit the cost of bidding documents and bid secutity mentioned below :
   **Name of the Bank** : **NIC Asia Bank, Birtamode, Jhapa**
   **Name of Office** : **Birtamode Municipality, Office of Municipal Excecutive, Birtamode, Jhapa**
   **Rajaswa Account No.** : **Aantarik Rajaswa Khata :- 2462050028354002 (For the cost of Bid Document) and Account no. :- Dharauti Khata 246CA50018870005 (For the deposit of Bid Security Amount)**
4. Electronic bids must be submitted to Birtamode Municipality, Office of Municipal Executive through PPMO's eGP system www.bolpatra.gov.np/egp on or before specified time given in table below.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at specified date and time given below in table at Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Imp Note : Lowest passed bidder must provide sample of sanitary pad according to Specification which will be tested by government body before signing the contractand if failed then the next lowest passed bidder will be called and so on.
8. The Detail of works are as given below :-

| S. NO. | Contract Identification No. | Name of Project | Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Document Fee (NRs.) | Bid Security Amount NRs. | Estimated Amount (Including VAT of some items only), NRs. |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BTMMUN/GOODS/NCB-09/080/81 | Procurement & Supply of Medicine | 2080/11/13 at 12:00 Hours | 2080/11/13 at 14:00 Hours | 90 days of bid opening +30 Days beyond | 3000/- | 1,10,000/- | 39,99,998.77/- |

*Chief Administrative Officer*


# तारादेवीको सम्झनामा सांगीतिक कार्यक्रम

## एक दर्जनभन्दा बढी गायक-गायिकाद्वारा गीत प्रस्तुत, विश्व बल्लभ, दीपक जंगम र तारा थापालाई सम्मान

**हिमालय टाइम्स**

काठमाडौं, ११ माघ



सर्वाधिक रुचाइएकी गायिका तारा देवीको १८औं पुण्य स्मृतिमा राजधानीमा सम्झनामा तारादेवी नामक स्रष्टा सम्मान तथा सांगीतिक कार्यक्रम आयोजना गरिएको छ । काठमाडौं महानगरपालिका, टोखा नगरपालिका, बूढानीलकण्ठ नगरपालिकालगायतको सहकार्यमा तारादेवी स्मृति फाउण्डेशनले आयोजना गरेको कार्यक्रममा विभिन्न एक दर्जनभन्दा बढी गायक-गायिकाले तारादेवीका गीत गाएर उहाँको सम्झना गर्नुभएको थियो । राजधानीको प्रदर्शनी मार्गस्थित राष्ट्रिय सभागृहमा सम्पन्न कार्यक्रममा नेपाली नेपाली गीतसंगीत फाँटको विभिन्न विधामा योगदान पुर्‍याउने तीन हस्तीलाई सम्मानित गरिएको थियो । सो अवसरमा गीतकार विश्व बल्लभ, संगीतकार दीपक जंगम र गायिका तारा थापालाई जनही २५ हजार रुपियाँसहित सम्मान गरिएको हो ।

सम्मानित संगीतकर्मीले तारादेवीको स्मृतिमा स्थापित फाउण्डेशनबाट सम्मानित हुन पाउँदा गौरवान्वित महसुस भएको जनाउँदै तारादेवीका गीतको उचित संरक्षण हुन नसकेकोमा दुःख व्यक्त गर्नुभएको थियो । तारादेवीकै गीतहरूमा नृत्यसमेत प्रस्तुत गरिएको कार्यक्रम गायक सञ्जीव आलेमगर र गायिका गीता पाण्डेले रत्न शमशेर थापाको रचना तथा नातिकाजी र शिव शंकरको संगीत रहेको ‘मुस्कानका लहरहरू’ बोलको गीत प्रस्तुत गरेर कार्यक्रमको सुरुवात गर्नुभएको थियो ।

त्यसैगरी निशा देसारले विश्व बल्लभको शब्द र नातिकाजीको संगीतको शुभकामना भरी बोलको गीत गाएर कार्यक्रममा सांगीतिक माधुर्यता प्रदान गरेका थिइन् भने गायिका शर्मिला लामाले धर्मराज थापाको शब्द र नातिकाजीको संगीतमा ‘कालीपारे दाइ कति राम्रो’ गीत प्रस्तुत गर्नुभएको थियो ।

त्यसैगरी, गायक गायिका अजर जंगम र जिना रसाइलीले ‘अँगालो हालेर’ बोलको गति प्रस्तुत गर्नुभएको थियो भने अनिल सुनाम र बबिना भट्टराईले ‘तिम्रो नाम अझै छ ओठमा’, झुमा निरौलाले ‘माझी दाइ तारी न देऊ’ प्रस्तुत गर्नुभएको थियो । यस्तै, बबिना भट्टराईले ‘आँखाहरूले रुन नखोजे’, अञ्जुलि हमालले ‘किन हो यति भरोसा’, अग्रिमा रिजालले ‘तिम्रा पाउहरूमा’, गीता पाण्डेले ‘कर्कलो गाभा’, जिना रसाइलीले ‘फूलै फूलको मौसम तिमीलाई’ प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा प्रस्तुत गीतहरूका लागि डेढ दर्जनभन्दा बढी वाद्यवादक समूहको वाद्यवादनमा साथ दिएका थिए । नेपाली सांगीतिक क्षेत्रमा स्वर किन्नरीको उपाधिले चिनिनुभएकी तारा देवीको १८औं पुण्य स्मृति कार्यक्रममा फाउण्डेशनका अध्यक्ष दीपक केसीले फाउण्डेशनका अवस्था र भावी योजनाका बारेमा आफ्ना भनाइ राख्नुभएको थियो । उहाँले पछिल्लो पाँच वर्षदेखि तारादेवीको पुण्यतिथिमा आयोजना गरिँदै आएको सम्झना र सम्मान कार्यक्रमले सधैं निरन्तरता पाउने बताउनुभयो । कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद दिँदै उहाँले भन्नुभयो, ‘युग गायिका तारादेवी जस्ता हस्तीहरूको सम्झना गर्नु उहाँहरूको सम्मानमात्र होइन, विभिन्न समयको नेपाली सभ्यता र संस्कार झल्काउने गीतहरूको स्मरण गर्नु पनि हो । त्यसैले उहाँहरूको सम्झनामा यस्ता कार्यक्रम हुनुपर्छ र युगकालीन गीतहरू सम्झिरहनुपर्छ ।’

तारादेवीले ४० वर्षको अवधिमा चार हजारजति गीत गाएर सांगीतिक क्षेत्रलाई उचाइमा पुर्‍याउन योगदान गर्नुभएको थियो । उहाँले ‘फूलको थुंगा बगेर गयो, नौ सय खोला तरेर जाने, उकाली ओरालीहरूमा, निर्दोष मेरो पछ्यौरिमा, ए कान्छा, हिमालको काखमा छ’ जस्ता अजर र अमर गीतहरू गाउनुभएको छ । सानै उमेरदेखि नै गाउन थाल्नुभएकी तारादेवीको चार गीत समावेश एल्बम ‘आफन्तको मन’ अन्तिम एल्बम हो । तारादेवीले नेपाली गीत गाएर नेपाली संगीतपारखीका लागि एउटा सिंगो जीवनदान दिनुभयो । थुप्रै कर्णप्रिय गीतहरू गाएर तारादेवीले नेपाली जनमानसमा आफ्नो गायनप्रतिभाको उत्कृष्ट परिचय दिनुभएको थियो ।

# ‘गोर्खा वारिअर’को ट्रेलरमा गोर्खा सैनिकले लडेको लडाइँ र त्यसको सामाजिक आयाम



**हिमालय टाइम्स**

काठमाडौं, ११ माघ

आगामी फागुन ११ गतेदेखि सिनेमाघरमा आउने तयारीमा रहेको चलचित्र ‘गोर्खा वारिअर’को ट्रेलर सार्वजनिक भएको छ । बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै मिलान चाम्स निर्देशित यो चलचित्रको ट्रेलर सार्वजनिक गरिएको हो । साढे दुई मिनेट लामो ट्रेलरमा वीरतापूर्वक गोर्खा सैनिकले लडेको लडाइँ र त्यसको सामाजिक आयामलाई प्रस्तुत गरिएको छ ।

कार्यक्रममा बोल्दै निर्देशक चाम्सले कलाकार सबै बराबर भएकाले सानो कलाकार भनेर कसैले हेप्न नहुने बताउनुभयो । उहाँले सानो कलाकारको सहयोग बिना कुनै पनि कलाकार सुपरस्टार बन्न नसक्ने जिकिर गर्नुभयो । सिनेमाले देशका सुरक्षा फोर्समा काम गर्ने सुरक्षाकर्मीलाई युद्ध कसरी गर्ने ? भनेर पनि सिकाउने उहाँको भनाइ थियो । उहाँले यस चलचित्रले साँच्चिकै कसरी युद्ध गर्ने भन्नेकुरा सिकाउने बताउनुभयो । संसारमै शाहसिक भनेर चिनिने गोर्खाली योद्धाको संघर्षमा आधारित ‘गोर्खा वारियर’ले उनीहरूको युद्धसँगै पारिवारिक कथालाई पर्दामार्फत विश्वका दर्शकमाझ पुर्‍याउने कथन निर्देशक चाम्सको छ ।

चलचित्रमा रितेश चाम्स, विजय लामा, रेबिका गुरुङ, शिशिर बाङ्देल, कविता आले, रियर राई, विरुप घलेको शीर्ष भूमिका छ । लण्डन प्रिमियरपछि नेपाली सिनेमाघरमा चलचित्र प्रदर्शन गर्न गर्न लागिएको हो । यो चलचित्रको हिन्दी संस्करणमा ‘केजिएफ’ फेम्ड सचिन गोलेले स्वरांकन गरिरहनुभएको छ ।

चलचित्र ‘गोर्खा वारियर’ अहिले चार भाषामा तयार भइरहेको छ । यो चलचित्रको नेपाली भर्सन तयार छ भने हिन्दी, अंग्रेजी र कोरियन भर्सन तयार गर्ने क्रम पनि अन्तिम चरणमा पुगेको निर्माणपक्षले जनाएको छ । दोस्रो विश्वयुद्धको क्रममा सन् १९४९ मा भएको मलाया युद्धमा गोर्खा सैनिकले लडेको वीरतापूर्ण लडाइँको कथा र यसको सामाजिक आयामलाई चलचित्रमा चित्रण गरिएको छ । चलचित्रको निर्मातामा सुमन राई र सुस्मिता वाइबा हुनुहुन्छ । लण्डन सिनेआई प्रोडक्सनको प्रस्तुतिमा चाम्स इन्टरटेनमेन्टले चलचित्र निर्माण गरेको हो । चलचित्रलाई नेपालमा श्री बेंकेटेस फिल्मस्का मनोज राठी र उज्ज्वल पौडेलले नेपालमा बितरण गर्दै हुनुहुन्छ ।

# निता र सिडी विजयको स्वरमा ‘गरिदेउ बिदा’



**हिमालय टाइम्स**

काठमाडौं, ११ माघ

निता आचार्य र सिडी विजय अधिकारीको स्वरमा रहेको गीत ‘गरिदेउ बिदा’ सार्वजनिक भएको छ । सागर बास्तोलाको शब्द, ऋषि खड्काको संगीत, विशाल निरौलाको एरेञ्ज र कुमार रानाको मिक्सिङ/माष्टरिङ रहेको गीतको भिडियो सार्वजनिक भएको हो ।

जनक सिंहको निर्देशन रहेको गीतको भिडियोमा सनम कठायत र स्मारिका ढकाललाई फिचरिङ गरिएको छ । दीपक गिरीको छायांकन, अमृत चापागाईंको सम्पादन रहेको गीतको भिडियोलाई खप्तड क्षेत्र वरपरका गाउँमा छायांकन गरिएको हो । गीतको भिडियो निताको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।